# शिक्षा लेख सँगालो

(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)

वर्ष २, अङ्क ६, २०६० वैशाख (May. 2003)

यस अङ्कमा

**विशेष फिचर**

१) किन आउदैनन् विद्यार्थी, सामुदायिक विद्यालयमा ? पृष्ठ २

**फिचरहरू**

२) समुदायको सक्रियता बढेपछिको परिवर्तन पृष्ठ ५

३) विद्यार्थी संगठन : फेरिएको भूमिका पृष्ठ ६

४) शुल्क उठाउने घुमाउरो बाटो पृष्ठ ७

५) गेसपेपरको बढ्दो निर्भरता पृष्ठ ८

lzIffnfO{ c¿ If]qeGbf sd dxTj lbg gx'g] lgisif{df k'u]sf 5g\ ;dfrf/kqx¿ . oBlk lzIffdf :t/Lo lkmr/ n]vx¿sf] cefj v6\lsPs} 5 . *lzIff kqsf/ ;d"x* n] oxL cefjnfO{ dx;"; u/]/ kqklqsf / cGo ;~rf/ dfWodnfO{ lg/Gt/ ¿kdf lzIffsf ljleGg d'2f ;d]l6Psf lkmr/ n]vx¿sf] ;Fufnf] pknAw u/fpg] cleofg yfn]sf] xf] . ljleGg ;~rf/ dfWoddf ;lqmo eP/ lzIffdf rf;f] /fVg] / :jtGq ¿kdf ;lqmo kqsf/x¿ dfkm{t ;s];Dd :t/Lo n]v ;fdu|L h'6fOg]5 . xfdLn] pknAw u/fPsf] ;fdu|LnfO{ cfkm\gf] kqklqsfdf :yfg lbg'eof] eg] xfdL cfkm\gf] k|of; ;fy{s ePsf] 7fGg]5f}F . o; ;Fufnf]sf ;fdu|L 5flkPkl5 cGtdf lzIff kqsf/ ;d"xnfO{ klg h; lbg'x'g]5 eGg] xfd|f] ljZjf; 5 . k|sflzt ;fdu|Lsf] Psk|lt o; ;d"xnfO{ pknAw u/fOlbg'ePdf xfdLaLrsf] Jofj;flos ;DaGwn] cem emf+lug] df}sf kfpg]5 . :t/Lo lkmr/ ;]jf pknAw u/fpg] xfd|f] k|of; lg/Gt/ /xg]5 .

**lzIff n]v ;Fufnf] Od]ndf pknAw 5 . Od]n k|fKt ug{sf] nflu ;Dks{ ug'{xf]nf .**

सम्पादन : राजाराम गौतम

kqfrf/sf nflu xfd|f] 7]ufgf

## शिक्षा पत्रकार समूह

पो.ब.नं. २१८४३, फोन/फ्याक्सः ४२५७६५५
अनामनगर, काठमाडौं ।

इमेल : ejg@ntc.net.np

# किन आउदैनन् विद्यार्थी, सामुदायिक विद्यालयमा ?

**प्राथमिक शिक्षाका निम्ति मुलुकका विद्यालयमा पर्याप्त विद्यार्थी संख्या नहुदा कतिपय ठाउमा विद्यालय बन्द हुने अवस्थामा पुगेका छन् ।**

**● रघुनाथ लामिछाने**

भक्तपुरको दधिकोट गाउँमा रहेको पातलेटार प्राथमिक विद्यालय स्थापना भएको १६ वर्षपछि बन्द भयो । कुनै समय जिल्ला शिक्षा कार्यालय भक्तपुरले उत्कृष्ट पढाइ र उच्च विद्यार्थी संख्या भएको भनी पुरस्कृत गरेको सो विद्यालय २०५३ सालमा बन्द गरिएको थियो ।

विद्यालय बन्द गरिएपछि त्यहाँ अध्ययन गरिरहेका करिव २ सय ५० विद्यार्थी त्यस गाउँ वरपर खुलेका निजी विद्यालयमा पढन वाध्य भए । विद्यार्थी, शिक्षकविहीन रहेको सो विद्यालयको भवन यतिखेर गोठालाहरूको आश्रयस्थल बनेको छ ।

यसरी एउटा सरकारी विद्यालयको अवसानका पछाडि सम्बन्धित विद्यालयका शिक्षकहरू त जिम्मेवार छन् नै समुदाय, अभिभावक र निजी विद्यालयको आगमन पनि दोषमुक्त छैनन् । सो विद्यालयमा काम गरिसकेका शिक्षक रामेश्वर न्यौपाने पनि यो कुरा स्वीकार्छन् । भन्छन्  गल्ती शिक्षक, अभिभावक, निजी विद्यालय, व्यवस्थापन समिति सबैको छ । सबैमा सरकारी त हो नि भन्ने भावना उब्ज्यो' ।

२०५३ सालमा बन्द भएको पातलेटार विद्यालयको जस्तै कारूणिक कथा थुप्रै विद्यालयको छ । काठमाडौंको गागलफेदी गाविसमा रहेको महाकाली प्राथमिक विद्यालय यही वैशाखदेखि बन्द भयो । ३ कक्षासम्म पढाइने विद्यालयमा केही वर्षदेखि विद्यार्थी घट्दै आएर गत वर्ष १५ २० जनामा सीमित रह्यो । यस पटक देखि ती पनि आएनन् । अहिले सो विद्यालयका प्रधानाध्यापक शम्भु न्यौपानेको दिनचर्या अरू विद्यालयमा सरूवा पाउँ भनी जिल्ला शिक्षा कार्यालय धाउँदै वित्ने गर्छ ।

निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न नसक्दा, अप्रभावकारी सरकारी नीति, शिक्षक, अभिभावक र समुदालयले सरकारी विद्यालय प्रतिको दायित्व प्रभावकारी ढंगले पूरा नगरिदिँदा यस्ता विद्यालयप्रति विद्यार्थीको आकर्षण घटेको छ । जसले गर्दा कति विद्यालय बन्द भइसके भने कति हुने क्रममा छन् । देशभर खुलेका करिब २६ हजार विद्यालयहरूमा पुग्न कहीँ पनि विद्यार्थीले एक घण्टा भन्दा बढी समय हिँड्नु पर्दैन । तर पनि धेरै सामुदायिक विद्यालयमा विद्यार्थी घट्दै गइरहेका छन् । केही बन्द हुन नसकेर चल्नका लागि मात्र चलेका' छन् ।

सरकारले मुलुकको सिंगै बजेटबाट शिक्षा क्षेत्रमा १४ प्रतिशत रकम (करिब १४ अरब रूपैयाँ) विनियोजन गरेको छ । यसबाहेक अन्तर्राष्ट्रिय संस्थाहरूले सबैभन्दा बढी पैसा खन्याएको क्षेत्र पनि यही हो । यिनीहरूले आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाका नाममा पहिलो चरणअन्तर्गतमात्र ६७ मिलियन अमेरिकी डलर खर्चिसकेका छन् दोस्रो चरणअन्तर्गत १०२.५ मिलियन डलर खर्च हुँदैछ । सन् २००० मै समाप्त भएको प्राथमिक शिक्षा विकास परियोजना पूरा हुन २४.४ मिलियन डलर खर्चभएको थियो । यसको दोस्रो चरण निरन्तर छ ।

तालिमकै कुरा गर्ने हो भने पनि निजी शिक्षकको तुलनामा तालीम सरकारी शिक्षकले बढी पाएका छन् । १ लाख ४२ हजार ४७ शिक्षकमध्ये २४ हजार ६ सय ६८ सरकारी शिक्षक तालिम प्राप्त छन् ।

कपिलवस्तुको महुवा गाउँमा सरस्वती प्राथमिक विद्यालय छ । यो विद्यालयमा जति विद्यार्थी पढ्न भनेर आउँछन्, त्योभन्दा विद्यालय अगाडिको चौरमा दिनभर खेलेर बिताउने बालबालिकाको संख्या अधिक छ । कारण  यहाँ बसोबास गर्ने मुस्लिम समुदायका बालबालिका केही समय आफ्नो धार्मिक विद्यालय  मदरसा' मा जान्छन् र अरू समय खेलेर बिताउँछन् । सम्पूर्ण गाउँवासीमध्ये २६.६ प्रतिशत मुश्लिम समुदाय रहेको सो गाउँमा स्कुल गएर पढ्नुपर्छ भन्ने सन्देश पुगेको छैन। सोविद्यालय व्यवस्थापन समितिका अध्यक्ष चिन्नीलाल थारू भन्छन्  "यहाँ मदरसा र विद्यालयमा फरक छुट्याई दिने पनि कोही छैन ।"

सरकारी कार्यक्रम प्रभावी नहुँदा पनि विद्यालयप्रति आकर्षण बढ्न सकेको छैन । सरकार प्राथमिक तहका विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक दिन्छ । यो कार्यक्रमअनुसार ४२ जिल्लाका विद्यार्थीले पहिले किताब किन्नुपर्छ र पछि बीलअनुसारको शोधभर्ना दिइन्छ । वैशाखदेखि नयाँ शैक्षिक सत्र शुरू भइसकेको छ तर गत शैक्षिक सत्रमा किनेको किताबको शोधभर्ना अझै दिइएको छैन ।

शिक्षा विभागले गत वर्षका लागि निशुल्क पाठ्यपुस्तक वितरणवापत ३५ करोड माग गरेको थियो । सुरक्षा खर्च बढेको निहुँमा विभिन्न क्षेत्रको बजेट कटौती गर्ने अभियानमा सरकाले यो बजेट पनि काट्यो । र, ७ करोड ७० लाख मात्र विभागले पाउन सक्यो । "विनियोजन नै कम भएकाले सबैलाई शोधभर्ना उपलब्ध गराउन नसकिएको हो"  विभागका महानिर्देशक सत्यबहादुर श्रेष्ठ भन्छन् ।

बालबालिकालाई विद्यालयमा आकर्षित गर्ने उद्देश्यले विभिन्न कार्यक्रम संचालन गरिएको छ । यसमध्ये प्राथमिक विद्यालयमा पढ्ने बालबालिकाका लागि पौष्टिक आहार वितरण कार्यक्रम पनि हो । यसको उद्देश्य पवित्र भए पनि विभिन्न कमजोरीका

कारण यो कार्यक्रम असफल जस्तै भएको छ । कार्यक्रमले खाजा बनाउने इन्धन, ढुवानी खर्च र बनाउने मानिस भने उपलब्ध गराउँदैन ।

वि.सं. २०५६।५७ देखि नै पौष्टिक आहार वितरण कार्यक्रम संचालनमा छ । र, यो कार्यक्रमले विद्यार्थीको संख्या निकै वृद्धि भएको दाबी जिल्लास्थित पौष्टिक आहार कार्यालयका प्रमुख कर्णसिंह महराको छ । तर तथ्यांकले भने यसलाई पुष्टि गर्दैन । कुवाकोट स्रोत केन्द्रअन्तर्गत गत शैक्षिक सत्रमा १५२० छात्र र ५२९ छात्रा रहेकोमा चालू शैक्षिक सत्रमा यो संख्या घटेर छात्र १४१५ र छात्रा ४८७ मा सीमित रहन पुग्यो । पढ्न आएवापत छात्राले मासिक दुई लिटर तेल पाउने कार्यक्रम संचालन भए पनि यस स्रोत केन्द्रअन्तर्गत प्रावि तहका छात्रा घटेको तथ्यांकले देखाउँछ ।

छात्रछात्रालाई खाजा दिने, तेल दिने र यो हिसावकिताब राखेवापत विद्यालयलाई पनि मासिक ४ लिटर तेल दिने व्यवस्था यो कार्यक्रमले गरेको छ । विद्यार्थी र विद्यालयलाई तेल दिन सक्ने कार्यक्रमले ढुवानीकर्ता र बनाउनेलाई पनि तेल नै दिए यो कार्यक्रम प्रभावकारी हुन सक्छ' बैतडी शिक्षा कार्यालयका विद्यालय निरीक्षक तुलसी अधिकारीको सुझाव छ ।

महोत्तरीको बर्दिबास नजिकै रहेको मुसहरी टोलसँगै जोडिएको जनता माध्यमिक विद्यालयमा सो टोलबाट जम्मा एक जना मात्र विद्यार्थी पढ्न जाने गर्छन् । "केही संघ/संस्थाले यिनीहरूलाई विद्यालय भर्ना गराएर कापी कलम पनि किनिदिएका हुन । तर के गर्नु, दरिद्रताकै कारण यिनीहरू पढ्न आउनै सक्दैनन्, हामी पनि प्रयास गर्दागर्दा थाकिसक्यौं ।" लामो समयदेखि उक्त विद्यालयमा अध्यापनरत् शिक्षिका शशिकला दाहालको अनुभव छ । शिक्षा प्रवक्ता लवप्रसाद त्रिपाठी नेपालका विद्यालयले धेरै विद्यार्थीलाई समेट्न नसक्नुमा गरिबी प्रमुख कारण भएको धारणा पनि व्यक्त गर्छन ।

आकर्षणकै रूपमा छात्रा, दलित र पिछडिएका बालबालिकाका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट थुप्रै छात्रवृत्ति कार्यक्रम संचालित छन् । तर ती छात्रवृत्ति एकातर्फ सुगम केन्द्रित छन् भने अर्कोतर्फ आवश्यक समन्वय र अनुगमनको अभावमा प्रभाव आंकलन गर्न सक्ने स्थितिमा छैन । छात्रवृत्ति दिएकै कारण कति बालबालिका विद्यार्थी भए त भन्ने प्रश्नको उत्तर कहीँ भेटिन्न । दलितलाई कहिलेदेखि छात्रवृत्ति वितरण गर्न थालियो भन्ने जानकारीसमेत शिक्षा मन्त्रालय र विभागसँग छैन ।

कार्यक्रम शुरू गरिदिने तर त्यसलाई अनुगमन नगर्ने रोग'बाट केशरमहल र सानोठिमी अछुतो छैन । अघिल्लो वैशाखमा शिक्षा विभागले विद्यालयबाहिर रहेका बालबालिकालाई जसरी पनि विद्यालय भर्ना गराउने अभियान नै थालेको थियो । यसका लागि जिल्लामा समेत जिल्ला विकास समितिका सभापतिको संयोजकत्वमा समिति बनाएर गाउँ गाउँसम्म पुग्ने लक्ष्य राखिएको थियो । तर शिक्षा विभागसँग यो कार्यक्रमअन्तर्गत कति बालबालिका भर्ना गर्न सकिए, तिनीहरूमध्ये कति अध्ययनरत् छन्, यो कार्यक्रमको प्रभाव कस्तो रह्यो जस्ता कुनै जानकारी छैन ।

सरकारी शिक्षासँग सम्बन्ध अधिकारीहरू शिक्षकले राम्ररी नपढाएकोले शैक्षिक स्थिति खस्किएको दावी गर्छन् । तर यस्ता शिक्षकलाई कारबाही गर्ने अधिकार ऐन/नियममा नभए जसरी शिक्षा पदाधिकारी लाचार छन् । निरीक्षकको दायरा पत्र आदान प्रदान र टेलिफोन निरीक्षण' मा खुम्चिएको छ ।

विद्यार्थी आकर्षित गर्न नसक्नुमा केही हदसम्म शिक्षक पनि जिम्मेवार छन् । तर विद्यालयमा पियन र लेखापालको व्यवस्था नहुनुले पनि शिक्षक/शिक्षिकालाई बस्नका लागि आवश्यक मेच, कुर्सीको व्यवस्था नहुनु, शिक्षकहरू के जाँगरले विद्यालयको उन्नतिका लागि काम गर्छ भन्ने जस्ता प्रश्नका उत्तर पनि उत्तिकै महत्वपूर्ण छन् ।

विद्यालयको म्यापिङ' अभाव शैक्षिक क्षेत्रकै लागि एक अर्को विसंगतिका रूपमा देखापरेको छ । कुनै पनि विद्यालय खोल्न अनुमति दिनु अगाडि त्यहाँ वरपर अर्को विद्यालय छ कि छैन भन्ने तर्फ ध्यान दिईदैन । त्यहाँ विद्यालय खोल्नु किन जरूरी छ भन्ने पुष्टि गर्नलगाईंदैन । त्यसैले सुगम वा अभिभावकलाई कन्भिन्स' गराइरहनु नपर्ने ठाउँ निजी विद्यालयहरूले हडप्दै आएका छन् । विद्यालय खोल्न कानूनले नै आवश्यक ठानेका पूर्वाधार कडाइसाथ नखोजिनुले पनि निजी विद्यालय सञ्चालन गर्न सजिलो भएको हो ।

त्यसैले बालबालिका विद्यार्थीमा परिणत हुन नसक्नुमा विद्यालयको अपर्याप्तता मुख्य कारण होइन । मुलुकभर रहेका करिव २६ हजार विद्यालय हुँदाहुँदै २० प्रतिशत भन्दा बढी बालबालिका विद्यालयबाहिरै हुनुले शिक्षा मन्त्रालयका पदाधिकारीहरूको ढाकछोप चरित्र जिरूम्मेवार छ । निजी विद्यालयको आकर्षक प्रस्तावमा लोभिएर सामुदायिक विद्यालयहरूलाई छायाँमा पार्ने राजनीतिज्ञ र शिक्षा प्रशासकहरू नै जिम्मेवार छन् । अझै ढिला भएको छैन । निजी विद्यालयमा लगानी गरेर नाफा कमाउन सकिन्छ भनी ठान्ने व्यक्तिहरूलाई निरूत्साहित पारिनुपर्छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# समुदायको सक्रियता बढेपछिको परिवर्तन

**धुलिखेलका प्राथमिक विद्यालयकलो जिम्मा स्थानीय समुदायले लिएपछि यहाको शैक्षिक क्रियाकलापमा परिवर्तनका सकारात्मक सूचकहरू देखिन थालेका छन् ।**

**● खगेन्द्र भण्डारी**

विद्यालय व्यावस्थापनको जिम्मा पाएपछि बनेपा(काभ्रे)का तेजवहादुर केसी दैनिकजसो स्कुल जाने गर्छन् । बनेपा नगरपालिका ११ स्थित भक्तेश्वर निमावि व्यावस्थापन समितिका अध्यक्ष केसी विद्यालयका शिक्षकहरूले पढाए/नपढाएको बारे पनि उत्तिकै चासो दिन थालेका छन् । म त हरेक मिनेटको रेकर्ड राख्न थालेको छु,' केसीको भनाइ छ । समूदायले पाएका हरेकजसो विद्यालय व्यावस्थापन समितिका पदाधिकारीहरूको दिनचर्या यसरी नै वित्ने गर्छ ।

सरकारले प्राथमिक सामूदायिक विद्यालय व्यावस्थापनको जिम्मा स्थानीय समूदायलाई दिने निर्णय गरेपछि बनेपाका भक्तेश्वर निमाविसहित ९ वटा विद्यालय समूदायको जिम्मामा गएका छन् । नगरपालिका र शिक्षा तथा खेलकुद मन्त्रालयबीच सम्झौता भई व्यावस्थापनको जिम्मा पाएका अभिभावकहरूमा विद्यालय हाम्रो हो' भन्ने भावना जागृत हुँदै गएको छ ।

शिक्षा मन्त्रालय र नगरपालिकाबीच यसअघि भएका सम्झौता कार्यान्यन गर्ने गरी ०६० साल वैशाख १८ गते जिल्ला शिक्षा कार्यालय र वनेपा नगरपालिकाबीच प्राथमिक विद्यालय व्यावस्थापनसम्बन्धी नयाँ सम्झौतापत्र तयार भएको छ । यसअघि ०५२ जेठमा पनि यस्तैखाले सम्झौता भए पनि त्यो कार्यान्वयन हुन सकिरहेको थिएन । यस्तै सम्झौता ०५५ जेठमा शिक्षा मन्त्रालय र धुलिखेल नगरपालिकाबीच पनि भएको थियो ।

सरकारले समूदायलाई विद्यालय हस्तान्तरण गरी ती विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि बार्षिक एक लाख रूपैयाँ अनुदान दिने भएको छ । यो खवर सुनेपछि व्यावस्थापन समिति र शिक्षकहरूमा हौसला थपिएको छ । धुलिखेलस्थित हरिसिद्धी प्रस्तावित निमाविका प्रधानाध्यापक उर्मीला श्रेष्ठ यो अनुदानले विद्यालयको अभावका रूपमा रहेको शिक्षक थप गर्ने योजनामा छिन् । हाम्रोमा भवन र कक्षा कोठाको खाँचो छैन । तर, पढाउने शिक्षक नहुँदा सोचेजस्तो पढाइ चलाउन सकिएको छैन ।' श्रेष्ठले भनिन् । धुलिखेलमा संचालित चारबर्षे क्वालिटी एजुकेशन प्रोजेक्ट' को सहयोगमा उक्त स्कुलमा पक्की भवन बनाइएको छ । जुनसुकै कामका लागि सामूदायिक भावना वोकेका धुलिखेलवासीको मेहनतले विद्यालयको प्रांगढसमेत घेरावारा गरिएको छ । विद्यालय भवन वनाउँदा पनि आफैं खट्ने शिक्षक र अभिभावकको हौसलामा सरकारी अनुदानले हौसला थप्ने भएको छ ।

क्वालिटी एजुकेशन प्रोजेक्ट'ले शैक्षिक क्रियाकलापमा परिवर्तन ल्याएको धुलिखेलका सबै प्राथमिक विद्यालयको व्यावस्थापन समूदायलाई हस्तान्तरण भइसकेको छ। ०५३ देखि ०५७ सम्म संचालित उक्त कार्यक्रमले धुलिखेलको शिक्षामा परिवर्तन ल्याएको यहाँका शिक्षासेवीहरू स्वीकार्छन्। व्यावस्थापनमा मात्र होइन, विद्यालयले संचालन गर्ने हरेक कार्यक्रममा स्थानीयबासीको प्रत्यक्ष सहभागिता रहने गरेको छ धुलिखेलमा । पूर्ण सञ्जीवनी माविका प्रधानाध्यापक मिलासकाजी श्रेष्ठका अनुसार विद्यालयप्रति अपनत्व भावना भएमा मात्र यसको सुधार हुन्छ, नत्र समूदायले लिएको भन्दैमा सुधार हुन सक्दैन । यो भावना धुलिखेलका अधिकांश अभिभावकमा छ । यहाँका हरेकजसो सार्वजनिक स्कुलमा वोर्डिङ स्कुलको जस्तै कडीकडाउ हुन्छ । शिक्षकको स्वीकृतिविना कोही विद्यार्थी पनि स्कुल टाइममा बाहिर निस्कन पाउँदैनन् । सामूदायिक र सरकारी स्कुल पढ्ने यहाँका विद्यार्थीमा कुनै फरक देखिदैन, मानौं दुवैखाले स्कुल पढ्ने विद्यार्थीको निश्चित युनिफर्म छ । दुवैखाले स्कुल पढ्ने विद्यार्थी टाइ र वेल्ट लगाउँछन् । यो स्तर मुलुकका अन्य ठाउँका सामूदायिक विद्यालयले कमैमात्र कायम गरेका होलान् ।

गुणस्तरीय शिक्षाका लागि प्रयासरत बनेपा र धुलिखेलका अभिभावकको जिम्मामा अहिले २१ वटा स्कुल पुगेका छन् । जिल्ला शिक्षा कार्यालय र स्थानीय नगरपालिका बीचको सम्झौतापत्र अनुसार बनेपाका ९ र धुलिखेलका १२ (सबै) प्राथमिक विद्यालय समूदायले लिइसकेको छ । यसतर्फ छिमेकी नगर पनौतीका साथै साँगा, पाँचखाल, कुशादेबी, महादेवस्थानका केही विद्यालयले पनि रूचि देखाएका छन् । जिल्ला शिक्षा कार्यालयको रेकर्डअनुसार धुलिखेलका सञ्जीवनी उच्च मावि, पूर्ण सञ्जीवनी मावि, श्रीखण्डपुर मावि, हरिसिद्धी प्रस्तावित निमावि, बाल मन्दिर प्रस्तावित निमावि, लंखनामाई शान्ति प्रावि, मण्डलीदेबी प्रावि, भैरव प्रावि, पञ्चकन्या प्रावि, श्रीखण्डपुर प्रावि, चक्रदेबी प्रावि र सेतीदेबी प्राविको व्यावस्थापन समूदायले लिइसकेको छ । त्यस्तै बनेपाको आजाद मावि, चैतन्य मावि, शिक्षासदन मावि, हिमालय मावि, भक्तेश्वर निमावि, सरस्वती प्रावि, बनेपा प्रावि, चण्डेश्वरी बालसदन प्रावि र गोसाइकुण्ड प्राविको व्यावस्थापन समूदायको जिम्मा लगाइएको छ ।

सरकारले समूदायमा हस्तान्तरण गरेका विद्यालयलाई दिने अनुदानका लागि कार्ययोजना तयार गर्न निर्देशन दिए पनि त्यो काम चाहिं कुनै विद्यालयले पूरा गरेका छैनन् । ती विद्यालयले उक्त रकमबाट शिक्षक थप्ने र भवन मर्मत गर्ने सामान्य योजना बनाए पनि अन्य सुधारका कामका बारेमा सोचेका पनि छैनन् । अनुदान आउँछ भन्ने सुनेको मात्र हो, आउँछ आउँदैन भन्ने टुंगो नभएर खासै नसोचिएको हो ।'भक्तेश्वर निमावि बुडोलका प्रधानाध्यापक विजयकुमार खोजू भन्छन् । उक्त विद्यालयले अनुदान रकमबाट स्कुल भवनमा सिलिङ हाल्ने योजना बनाएको छ । तर, सिलिङ हालेर उब्रिएको रूपैयाँबाट के गर्ने भन्ने योजना कोहीसँग छैन ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# विद्यार्थी संगठन : फेरिएको भूमिका

**विद्यार्थी हकहितका पक्षपाति विद्यार्थी संगठनले थालेको मूल्यवृद्धि विरोधी तथा शैक्षिक आन्दोलन अन्ततः प्रतिगमनविरूद्ध लक्षित हुन पुगेको छ ।**

**● भुवन के.सी.**

११ चैत्रमा सरकारले पेट्रोलियम पदार्थको मूल्य बढाएपछि विद्यार्थीहरूले तत्काल सो मूल्यबृद्धि फिर्ता लिन सरकारसँग अनुरोध गरे । सरकारले विद्यार्थीको मागलाई वास्तै गरेन । त्यहाँबाट सुरू भएको विद्यार्थी आन्दोलनको क्षेत्र र स्वरूप अहिले फेरिएको छ ।

“सुरूमा हाम्रो माग मूल्यवृद्धि फिर्तामा सीमित थियो । आन्दोलनको अवधि थपिँदै जाँदा मागहरू बढ्दै छन्,” एमाले निकट अनेरास्ववियूका अध्यक्ष राजेन्द्रकुमार राई भन्छन् “अहिले हाम्रो आन्दोलन प्रतिगमन विरूद्ध केन्द्रित हुन पुगेको छ ।”

त्यसो भन्दैमा विद्यार्थीका हकहित नाममा खोलिएका विद्यार्थी संगठनहरूले शैक्षिक माग नउठाएका चाहिँ होइनन् । राजनीतिक आस्था फरक भएका विभिन्न संगठन अहिले शैक्षिक मुद्दामा एक भएका छन् । त्यसको नमूना हो ५४ बुँदे साझा शैक्षिक मुद्दाहरू ।' साझा मुद्दामा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म देखापरेका विकृति तथा विसंगति र त्यसलाई हटाउने उपायहरू समावेश गरिएको छ । समसामयिक र राजनीतिक मागले ती मागहरू छायाँमा परेका छन् । नेपाल विद्यार्थी संघका अध्यक्ष गुरूराज घिमिरे भने विद्यार्थी संगठनले शैक्षिक मुद्दालाई छायाँमा पारेका छन् भन्ने कुरालाई अस्वीकार गर्छन् । राजनीतिक मागका साथसाथै शैक्षिक मागहरूलाई पनि सँगै लिएर अघि बढेका छौं, उनी दावी गर्छन् ।

शिक्षाविद् प्रध्यापक डा.मनप्रसाद वाग्लेको विचारमा विद्यार्थीहरू शैक्षिक आन्दोलनलाई गौण बनाएर राजनीतिक मुद्दालाई अघि बढाउनु दुःखद् कुरा ठान्छन् । उनी भन्छन् “विद्यार्थीले शिक्षा क्षेत्रमा भएका मुद्दाहरूलाई लिएर विद्यार्थीहरू अघि बढ्नुपर्छ ।” मूलतः विद्यार्थी संगठनको मुख्य उद्देश्य विद्यार्थीका हक हितको संरक्षण गर्नु रहे पनि नेपालको सन्दर्भमा विद्यार्थी आन्दोलनको पृष्ठभूमि राजनीतिसँग गाँसिएको छ । पञ्चायती शासनकालमा राजनीतिक पार्टीहरू प्रतिवन्धित हुँदा सो व्यवस्था विरूद्धको राजनीतिक गतिविधिको अगुवाई विद्यार्थी संगठनले गरेका थिए ।

बहुदलीय व्यवस्थाको पुनर्वहाली भएपछि विद्यार्थी संगठनको भूमिकामा परिवर्तन आयो । दलहरूले खुल्ला राजनीति गर्ने अवसर पाएकाले विद्यार्थीहरू शैक्षिक र समाजिक मुद्दामा अघि बढ्नुपर्ने आवश्यकता रहेको राय विज्ञहरूको छ । तर पनि विद्यार्थीहरू शैक्षिक मुद्दालाई भन्दा राजनीतिक मुद्दालाई लिएर चर्को आन्दोलन गरेका छन् । अनेरास्ववियूका अध्यक्ष समेत हुनुभएका एमालेका केन्द्रीय सदस्य शंकर पोखरेलका अनुसार विद्यार्थीको भूमिका परिस्थितिमा निर्भर रहन्छ । उनी भन्छन् “प्रतिगमन विरूद्धको आन्दोलनमा दलहरू असफल भएको वेला विद्यार्थीले यसलाई लिएर आन्दोलन गर्नु स्वभाविक हो ।”

आफूहरूले मात्र संचालन गरेको आन्दोलनले शाही घोषणाबाट गुमेका अधिकारहरू फिर्ता आउँदैनन् भन्ने कुरालाई राजनीतिक दलहरूले पनि महसूस गरेका छन् । संसदवादी दलहरू नेपाली काँग्रेस, एमाले, जनमोर्चा नेपाल र नेपाल मजदूर किसान पार्टीको संयुक्त बैठकले विद्यार्थी आन्दोलनलाई समर्थन मात्रै होइन, अझ अघि बढाउन आग्रह गरे । अब त राजनीतिक दल र विद्यार्थी बीच सहकार्य गरेर नै आन्दोलन अघि बढ्ने भएको छ ।

सरकार विरूद्ध आन्दोलन गर्न विद्यार्थीलाई सरकारले नै बाध्य बनाएको ठान्ने अनेरास्ववियूका अध्यक्ष राईका अनुसार तत्काल माग पूरा गरिदिएको भए आन्दोलनले चर्को रूप पनि लिने थिएन । सरकारले विद्यार्थीका मागलाई वेवास्ता गरी विद्यार्थी नेता देवीलाल पौडेलको हत्या गर्ने र हत्याको विरोधमा निस्केको जुलुसमा सहभागी विद्यार्थीलाई दमन गरेकाले विद्यार्थी आन्दोलन चर्केर गएको हो । विद्यार्थी नेताको हत्या भएको कारण गृहमन्त्री धर्मबहादुर थापा, शिक्षामन्त्री देवीप्रसाद ओझा र बाणिज्य तथा आपूर्तिमन्त्री महेशलाल प्रधानलाई बर्खास्त गरे पनि विद्यार्थी आन्दोलन साम्य भएन ।

मूल्यबृद्धि विरूद्ध आन्दोलन चलाइरहेको वेला स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन स्थगित भयो । यसले बलेको आन्दोलनमा घ्यू थपेजस्तै भयो । त्रिभुवन विश्वविद्यलाय प्रशासनले नेपाल कम्युनिस्ट पार्टी (माओवादी) निकट अनेरास्ववियूसँग गरेको सम्झौता कार्यान्वयन गर्न सकेन । त्यसको विरोधमा क्रान्तिकारीले निर्वाचन हुन नदिने घोषणा गरेपछि त्रिविले स्ववियू निर्वाचन स्थगित गऱ्यो । सात विद्यार्थी संगठनले आरोप लगाए “निर्वाचनको परिणाम प्रतिगामीको पक्षमा नजाने भएकाले षडयन्त्रकारीले निर्वाचन रोक्ने काम गरेका हुन् ।”

यसअघि क्रान्तिकारीले आफ्ना माग पूरा नभएकाले निर्वाचन १० वैशाखमा सार्न दवाव दिएपछि विद्यार्थी संगठनको सल्लाहमा त्रिविले निर्वाचन सारेको थियो । तर पछि पनि आफ्ना मागहरू पूरा नभएकाले निर्वाचन सार्न दवाव दियो । एकातिर अन्तरिम स्ववियूको माग गर्ने र अर्कातिर निर्वाचन गराउन नदिनाले अन्य विद्यार्थी संगठनहरूले उनीहरूको नियतमाथि शंका गरे । त्रिविलाई निर्वाचन गर्न दवाव दिए । क्रान्तिकारीको माग अघि उनीहरूको माग छायाँमा नै पऱ्यो ।

निर्वाचन स्थगित भएको विरोधमा विद्यार्थीले उपत्यका बन्द र नेपाल बन्दको कार्यक्रम गरे । विद्यार्थीले निर्वाचन स्थगितको विरूद्धमा मुलुकका विभिन्न स्थानमा जुलुस निकाले । विद्यार्थी र प्रहरीबीच झडपबाट आक्रोशित विद्यार्थीले मुलुकका कयौं क्याम्पसको भौतिक संरचना ध्वस्त पारेका छन् । विद्यालयमा पठन पाठनमा असर पर्‍यो । नेविसंघका अध्यक्ष घिमिरेले भौतिक संरचना ध्वस्त पार्ने र पढाइ अवरोध गर्ने विद्यार्थीको नियत नभएको बताउँछन् । उनी भन्छन् "सुरक्षाकर्मीले घेर्ने र विद्यार्थीलाई कुटपिट गरेपछि विद्यार्थीको धैर्यताको बाँध टुटेको हो ।" शिक्षाविद् डा.वाग्लेको सुझाव छ "विद्यार्थीहरूले सम्बन्धित ठाउँमा गएर आफ्नो कुरा राख्नुपर्छ । भौतिक संरचना ध्वस्त पार्नु हुँदैन ।"

त्रिभुवन विश्वविद्यालयलाई भने आन्दोलनका क्रममा कति भौतिक संरचना ध्वस्त भयो, त्यसको लेखाजोखा गर्ने फुर्सद पनि छैन । उपकुलपति डा.गोविन्दप्रसाद शर्मा भन्छन् "कति ध्वस्त भयो, भन्न सक्ने अवस्था छैन ।"

आन्दोलनको प्रारम्भिक दिन मूल्यवृद्धि विरूद्ध र केही शैक्षिक मागमा केन्द्रित भए पनि अहिले भने राजनीतिक पार्टीले थालेको आन्दोलनको सहायक भूमिकामा विद्यार्थी संगठन देखिएका छन् । विद्यार्थी संगठनले शैक्षिक मुद्दालाई गौण बनाई राजनीतिक आन्दोलनमा सहभागी हुँदा शैक्षिक वातावरण तथा विद्यार्थीका पठनपाठनमा नोक्सानी पार्ने कुरामा शंका छैन । तर उनीहरूले अहिले आन्दोलन हुनुपर्ने मुलुककै वाध्यता ठानेका छन् ।

)()(

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# शुल्क उठाउने घुमाउरो बाटो

**भर्ना शुल्क र भौतिक साधन शुल्क पुनः लिन नपाउने कानुन बने पनि निजी विद्यालयहरूले विभिन्न बहानामा शुल्क उठाउन छोडेका छैनन् ।**

**● तिलक पाठक**

शिक्षा सातौं संशोधन ऐनले पुनः भर्ना शुल्क र भौतिक साधन शुल्क लिने नपाउने व्यवस्था गरेपनि निजी विद्यालयहरूले त्यस्तो शुल्क उठाउन छाडेका छैनन् । ऐनले निषेध गरेका शीर्षकमा हु बहु शुल्क नउठाए पनि त्यस्ता विद्यालयहरूले त्यही शुल्क अर्को शीर्षकमा लिने गरेका छन् । यसरी ऐनले निषेध गरेका शीर्षकहरूको शुल्क उठाउन विद्यालयहरूले घुमाउरो बाटोलाई प्रयोग गरेका छन् । भर्खरै सुरू भएको शैक्षिक सत्रमा भर्ना शुल्कलाई वर्षिक शुल्क र भौतिक साधनवापतको शुल्कलाई धरौटी शुल्क भनी धेरैजसो निजी विद्यालयले लिने गरेको पाइएको छ ।

त्यतिमात्र नभएर कतिपय निजी विद्यालयहरूले त यस शैक्षिक सत्रमा शुल्क नै बढाउने कार्य पनि गरेका छन् । विद्यालय व्यवस्थापन समितिको सिफरिश अनुरूप जिल्ला शिक्षा समितिको स्वीकृतिमा मात्रै शुल्क बढाउन पाइने प्रावधान छ । तर जिल्ला शिक्षा समितिबाट शुल्क बढाउन पाउने स्वीकृति नपाउँदा मनोमानी ढङ्गले शुल्क उठाइरहेका छन् । यसअघि अखिल (क्रान्तिकारी)हरूले शुल्क घटाउन आन्दोलन गरेका कारण प्यावसनले आफ्नो मातहतका विद्यालयहरूमा १० देखि २० प्रतिशतसम्म शुल्क घटाउने निर्णय गरेको थियो । त्यसमा कतिपय विद्यालयहरूले शुल्क घटाएका पनि थिए । तर, अहिले ती विद्यालयहरूले पुनः शुल्क वृद्धि गरेको गुनासो अभिभावकहरूको छ ।

अभिभावक संघका अध्यक्ष सुप्रभात भण्डारीकाअनुसार त्यतिखेर ५ प्रतिशत शुल्क घटाएका विद्यालयहरूले अहिले २० प्रतिशतले शुल्क वृद्धि गरेका छन् । "अनुमति नलिइकन शुल्क बढाएका विद्यालयहरूलाई कारबाही भएको रेकर्ड छैन" भण्डारीले भने । अभिभावक संघमा अहिले प्यारागन स्कुल, बालकोट इङ्लिस स्कुलजस्ता विद्यालयहरूले शुल्क वृद्धि गरेको तथा अन्य असान्दर्भिक शुल्कहरू पनि लिने गरेको र जिलेट इन्टरन्याशनल स्कुलले त अभिभावक दिवसको शुल्क पनि उठाउने गरेको उजुरी परेको छ । तर यसरी असान्दर्भिक शुल्क उठाउने विद्यालयहरूको सङ्ख्या धेरै भए पनि सबैको उजुरी अभिभावक संघमा पर्ने गरेको छैन । उजुरी गरेपनि शुल्क घटाउने र असान्दर्भिक शुल्क लिने छाड्ने होइनन् भनेर कतिपय अभिभावकहरू उजुरी गर्न आएका छैनन् । बरू, विद्यालयले जुन जुन शीर्षकमा जति शुल्क निर्धारण गर्दछ त्यति नै चुपचाप ढङ्गले तिर्नुपर्ने अभिभावकको नियति बनिसकेको छ । "अभिभावकहरूले उजुरी गरेको आधारमा विद्यालयहरूले शुल्क नै घटाएको कुनै उदाहरण छैन, न त अभिभावकको उजुरीको आधारमा कुनै विद्यालयले कारवाहीको भागिदार बनेको पनि पाइदैन" एकजना अभिभावक भन्छन् ।

प्यावसनका महासचिव राजकुमार ठकुरी चाहिँ यसअघि आचारसंहिता अनुसार प्यावसन अन्तर्गतका सम्पूर्ण विद्यालयहरूले १० देखि १५ प्रतिशतसम्म शुल्क घटाएको बताउँछन् । प्यावसन अन्तर्गतका विद्यालयहरूले शुल्क बढाएको रेकर्ड नआएको बताउँदै उनी भन्छन् "यस वर्ष हामीले शुल्क नबढाउने निर्णय गरेका छौं ।" तर उपत्यका बाहिरका प्यावसनअन्तर्गत धेरै विद्यालयहरू शुल्क वृद्धिको लागि अनुमति लिन केन्द्रमा आएका थिए । केन्द्रले यस वर्ष शुल्कवृद्धि नगर्ने निर्णय गरेका कारण ती

विद्यालयहरूले केन्द्रबाट शुल्क वृद्धिको लागि अनुमति पाएका छैनन् । पुनः भर्ना शुल्क, भौतिक साधन शुल्क लिन नपाइने अवस्थामा शुल्क वृद्धि नगर्दा विद्यालय चलाउन नै गाह्रो भएका तर्क ती विद्यालयहरूको छ ।

प्याब्सनले आफू मातहतका विद्यालयहरूको शैक्षिक शुल्क घटाएको दावी गरे पनि अखिल क्रान्तिकारीले चाहिँ यही वैशाख २५ गतेदेखि शुल्कको विषयलाई लिएर सरकारी तथा निजी विद्यालयहरूमा अनिश्चितकालीन तालाबन्दीको घोषणा गरेका छन् जसले गर्दा देशभरका विद्यालयहरू प्रभावित भएका छन् । क्रान्तिकारीहरूले आफूहरूद्वारा गत मंसिरमा घोषित २९ बुँदे र प्याब्सनद्वारा घोषित ११ बुँदे शैक्षिक सुधारका कार्यक्रमहरू लागू नगरिएकोले दवावस्वरूप यस किसिमको आन्दोलन गरेको बताएका छन् । ती सबै शैक्षिक सुधारका कार्यक्रमहरूमा विद्यालय शुल्कको समस्या मुख्य रूपमा रहेको थियो ।

ड्रिमल्याण्ड स्कुलका प्रिन्सिपल सूर्य राई चाहिं आफूहरूले ऐनले व्यवस्था गरे बमोजिमको शुल्क मात्रै उठाएको बताउँछन् । तर, सोही विद्यालयमा आफ्नो बच्चा पढाइरहेका एक अभिभावकले भने "विद्यालयले भर्ना शुल्क भनेर नलिए पनि गत वर्षको जति नै शुल्क लियो ।' गत साल भर्ना शुल्क वापत तिरेको रकम विद्यालयले अहिले अन्य शुल्कहरूमा नै जोडेको प्रष्ट छ ।

पुनः भर्ना शुल्क विद्यालयले नलिने भन्ने कुरा सुनेर विद्यालय पुगेका अभिभावकहरू त्यतिखेर छक्क पर्छन जब छोराछोरीको भर्ना गर्दा गत सालकोभन्दा बढी शुल्क तिर्नुपर्ने हुन्छ । पुनः भर्ना शुल्क त लिन नपाइने भनेको होइन र ? भनेर अभिभावकहरूले प्रश्न गरेपछि आखिर कुनै न कुनै बहानामा स्कुलहरूले सो शुल्क उठाएरै छाड्ने गुनासो अभिभावहरूको छ । निजी विद्यालयहरूले यस किसिमको प्रवृतिले अभिभाकहरूलाई नराम्रोसँग पिरोल्ने गरेको छ । त्यतिमात्र नभएर कतिपय विद्यालयहरूले त विद्यार्थी भर्ना गर्दा नै कापी, किताव, ड्रेस स्कुलहरूबाट नै खरीद गर्नुपर्ने बाध्यात्मक व्यवस्थासमेत गरेका छन् ।

अभिभावक संघका अध्यक्ष भण्डारी चाहिँ विद्यालय सञ्चालकहरूमा शुल्क बढाउने नियति रहेको बताउदै भन्छन् "उनीहरूले आफ्नो पुरानै रवैयालाई दोहोर्‍याइरहेका छन् । "शिक्षाविद् डा.मनप्रसाद वाग्ले पनि विद्यालयहरूले शुल्क बढाउँदा कारबाही नगरिएको कारण नै उनीहरू शुल्क बढाउन उत्साहित भएका बताउँछन् । जिल्ला शिक्षा समितिको स्वीकृति विना शुल्क बढाएको खण्डमा के कस्तो कारबाही हुने प्रष्ट व्यवस्था छैन । तर सरकारी अधिकारी भने कानुन प्रष्ट भएको दावा गर्छन् । शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठीचाहिं स्वीकृतिविना शुल्क बढाएका विद्यालयहरूलाई स्पष्टीकरण लिने, अनुमति रद्द गर्ने वा डेढ लाखसम्मको जरीवाना गर्न सकिने व्यवस्था भएको बताउँछन् । विडम्बना के छ भने शुल्क बढाएको भनेर अहिलेसम्म यस किसिमको कारबाही कुनै पनि विद्यालयलाई गरिएको छैन ।

शुल्क वृद्धि गरेका तथा असान्दर्भिक शुल्क लिएका विद्यालयहरूलाई कारबाही गर्नतिर सरकारले पनि खासै चासो देखाएको छैन । "पढेलेखेको मानिसले नै ऐन नियम लागू गर्दैनन् भने के गर्ने ? भन्ने शिक्षा प्रवक्ताको अभिव्यक्तिले मन्त्रालय पन्छिन खोजेको प्रष्ट हुन्छ ।

निजी विद्यालयहरूको शुल्क निर्धारण तथा नियन्त्रणको गरेर मन्त्रालय थप प्रेसर' निम्त्याउन चाहँदैन । शिक्षाविद् डा.वाग्ले भन्छन् "मन्त्रालयले शुल्क नियन्त्रण गर्न खोज्ने बित्तिकै विभिन्न किसिमका प्रेसर'हरू मन्त्रालयमा पर्न थाल्छ जसबाट मन्त्रालय सधैं टाढा रहन खोज्छ । "शिक्षा प्रशासनको यही निरिहपनकै कारण निजी विद्यालयहरूले सधैंभरी आफ्नो पुरानो रवैया दोहोर्‍याएका मात्र छैनन् ऐन नियमको समेत धज्जी उडाइरहेको वेला सरकारले शिक्षा मन्त्रालयका पुर्व सचिव जयराम गिरीको संयोजकत्वमा एघार सदस्यीय सस्थागत विद्यालय शुल्क निर्धारण समिति गठन गरेको छ । विगतमा पनि यस्ता समितिहरू बनेकाले विवादलाई साम्य पार्ने चाल हो कि भन्ने आशका पनि कायमै छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# गेसपेपरको निर्भरता बढ्दो छ

**उच्चशिक्षा हासिल गरिरहेका अधिकांश विद्यार्थीहरूको गेसपेपर प्रतिको आकर्षण बढेको छ । किन ?**

**● भूपराज खड्का**

रीता शर्मा यसपाली मानविकी संकायतर्फ स्नातक तेश्रो वर्षको परिक्षामा सम्मिलित भएकी छिन् । विगत डेढ महिना यता परिक्षाको तयारीका क्रममा उनले हरेक विषयका गेसपेपर तथा गाइड बुकमात्रै पढेकी छिन् । एउटा प्राइभेट कम्पनीमा काम गर्दै आफ्नो पढाइलाई पनि निरन्तरता दिएकी रिता भन्छिन्, "गेसपेपरहरू नपाइने हो भने त परिक्षा दिने कुरा कल्पनासम्म गर्न सक्दिनथेँ ।"

आर.आर. कलेजमा स्नातक तह दोस्रो वर्षका अर्का विद्यार्थी हिरा खड्काको हविगत पनि उस्तै छ । पेशाले शिक्षक उनले हरेक पटक झैँ यसपटक पनि गेसपेपर पढेर नै परिक्षाको तयारी गरे। कलेजमा नियमित कक्षा लिन नभ्याएका कारण परिक्षाको बखत गेसपेपरको सहारा लिन वाध्य भएको बताउने खड्का सफल हुने कुरामा चाहिँ विश्वस्त छन् ।

देशका विभिन्न कलेजहरूमा उच्च शिक्षा हासिल गरिरहेका थोरै विद्यार्थी वाहेक अधिकांशको अध्ययनको आधार गेसपेपर बन्न पुगेका छन् । नियमित कलेज जाने या काम गर्नुपर्ने वाध्यताले कक्षा लिन नसक्ने दुबै अवस्थाका विद्यार्थीले परिक्षा नजिकिँदै जाँदा गेसपेपर विनाको परिक्षाको कल्पना समेत गर्दैनन् । उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थी मात्रै होइन, कक्षा ९/१० कै विद्यार्थीको शिक्षा पनि गेसपेपर गाइडमै अडेको छ । यसपालिकै एस.एल.सी. परिक्षाका क्रममा विभिन्न परिक्षा केन्द्रबाट बोराका बोरा गेसपेपर बरामद गरिएको खबरले पनि सो कुराको पुष्टि हुन्छ ।

गेसपेपरप्रति विद्यार्थीको आकर्षण यतिविघ्न बढ्नुको पछाडि के कारण हुनसक्छन् ? गेसपेपरको पक्षमा रहेका अधिकांश विद्यार्थी यसो भन्छन्  “पाठ्यक्रमले सन्दर्भ सामग्रीको रूपमा तय गरेका पुस्तक सहजै उपलब्ध नहुने कारण गेसपेपर पढ्नुपर्ने वाध्यता छ ।” तर त्रि चन्द्रमा अध्यापन गर्ने एकजना प्रोफेसरको भनाइमा अधिकांश विद्यार्थी थोरै पढेर परिक्षा पास गर्न चाहन्छन् । त्यसको निम्ति सजिलो उपाय गेसपेपरको अध्ययन भएको छ । तर विद्यार्थीमाझ गेसपेपरको बढ्दो खपतको यतिमात्रै कारण चाहिँ होइन । गेसपेपरका सम्बन्धमा असल शासन सञ्चार मञ्चले केही विद्यार्थीमाझ गरेको एक सर्भे अनुसार ५३.४ प्रतिशत गेसपेपरको पक्षमा देखिए भने४६.६ प्रतिशत विपक्षमा उभिएका थिए ।

नेपालका सरकारी कलेजहरूमा पढाइको राम्रो वातावरण नभएको गुनासो विद्यार्थी, अभिभावकबाट बारम्बार सुनिने गर्छ । जसले गर्दा नियमित कलेज पढन आउने विद्यार्थीले पनि सम्पूर्ण कुरा सिक्ने बुझ्ने अवसरबाट बञ्चित रहनुपर्ने अवस्था छ । जव यो अवस्था सिर्जना हुन्छ, स्वाभाविक रूपमा जाँच पास गर्न गेसपेपरको सहारा लिनुपर्ने अवस्था आएको हुनसक्छ । महँगा किताबको पहुँच बाहिरका विद्यार्थीले वाध्य भएर गेसपेपर गाइडको सहारा लिएका पनि हुनसक्छन् । तर सो तर्कसँग शंकरदेव क्याम्पसकी प्रमुख अमुदा श्रेष्ठ चाहिँ सहमत छैनन् । उनी भन्छिन्  “पुस्तक महँगा भए भनेर विद्यार्थीहरू गेसपेपर किन्ने गर्छन् तर मैले एउटा परिक्षामा एउटै विद्यार्थीबाट पाँचवटासम्म गेसपेपर बरामद गरेकी छु । पाँचवटा गेसपेपर किन्न सक्नेले पुस्तक किन्न नसक्ने प्रश्नै उठ्दैन ।” श्रेष्ठले भनेजस्तै कतिपय विद्यार्थीले गेसपेपरलाई चिटको रूपमा प्रयोग गर्ने गरेको पनि भेटिएको छ ।

चाहे परिक्षा पास गर्ने ध्याउन्नले होस् वा चिट बनाउन सजिलो उपायका लागि होस् । गेसपेपरको आकर्षण विद्यार्थीमा बढेकोमा चाहिँ सन्देह छैन । भनिन्छ, हरेक वर्ष ८० हजार भन्दा बढी विभिन्न विषयका गेसपेपरको बिक्री हुने गर्छ । गेसपेपरको बढ्दो खपतसँगै प्रकाशकहरू पनि यसलाई व्यवसायको रूपमा अघि बढाउन लागिपरेका देखिन्छन् । गेसपेपर विरोधी एकजना शिक्षक भन्छन्  “गेसपेपर प्रकाशन गृहहरूले विद्यार्थीहरूलाई अल्छी बनाउने धन्दा गरेका मात्रै होइन, भविष्य माथि नैखेलवाड गरिरहेका छन् ।” पुस्तक पसलहरूमा समेत अहिले सबैभन्दा बाहिर देखिने गरी विभिन्न ब्रयाण्डका गेसपेपर झुण्ड्याइएका हुन्छन्, जसको आशय विद्यार्थीलाई आकर्षित गर्नु हुन्छ । हाल बजारमा निमा, विद्यार्थी, एकता, के.पी., मनकामना, लक्की, आर.के. अडरिया प्रकाशन लगायत डेढ दर्जनभन्दा बढी गेसपेपरहरू पाइन्छन् । अरू कतिपय गेसपेपर वेवारिशे जस्ता भेटिन्छन् । जसमा न लेखकको नाम हुन्छ, न त प्रकाशकको नै ।

यसरी लापरवाही ढंगले गेसपेपर निकाल्दा पनि त्रिवि पाठ्यक्रम विकास केन्द्र, श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रले यसबारे सामान्य चासो पनि लिएको पाइन्न । “साधन र स्रोतको अभावमा बजारमै गएर अनुगमन गर्न सकिएको छैन । ऐन र नियमले हामीलाई त्यतिधेरै अधिकार पनि उपलब्ध गराएको छैन”  पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक शिवप्रसाद सत्याल भन्छन् । तर, नेपाल ल क्याम्पसका प्रमुख गुणनिधि न्यौपाने यसरी गेसपेपरको प्रकाशन गैरकानुनी भएको बताउँदै भन्छन् “गेसपेपर प्रकाशन कार्य प्रतिलिपि अधिकार ऐन विपरित छ । यसलाई सोही अनुरूप कारवाही गर्नुपर्छ ।” निमा गेसपेपरका प्रकाशक हरि प्रधान भने आफूले विद्यार्थीलाई फाइदा पुऱ्याउने काम गरेको मान्छन् । संभवतः सबैभन्दा बढी बिक्ने निमाका प्रधान थप्छन्  “मैले कानुन मिचेको पाइएमा सजायँ भोग्न तयार छु ।”

विद्यार्थीमा गेसपेपरको बढ्दो आदतले गुणस्तरीय जनशक्ति उत्पादनमा ह्रास ल्याउन सक्ने कुरामा दुईमत छैन । तर विद्यार्थीलाई गेसपेपरप्रति विकर्षण पैदा गर्न सुरूमा कलेज/स्कुलको शैक्षिक वातावरण सुधार्नुपर्छ । नियमित पढाइ सञ्चालन तथा गुणस्तरीय अध्यापन पद्धति लागू नगर्ने हो भने विद्यार्थीमा गेसपेपरको लत अझै बढेर जाने छ ।

)()(

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*